फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः- ९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००

## दुइ पांग्रे सवारी साधन (मोटरसाइकल) को शिलवन्दी प्रस्ताव आह्वान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७६।०१।१०)

यस कार्यालयको चालु आ.व. २०७५।०७६ को लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम "उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४" को अधिनमा रही दुइपांग्रे सवारी साधन (मोटरसाइकल) खरिद गर्नुपर्ने भएकोले ईच्छुक उत्पादक कम्पनी वा आधिकारिक विक्रेताहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा निम्न शर्तहरुको अधिनमा रही प्रस्ताव दर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ । यस सूचनाको विस्तृत विवरण जिल्ला समन्वय समितिको कार्यालय, जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय, तेह्रथुमको सूचना पाटीमा समेत टाँस गरिएको छ । साथै कार्यालयको सूचना पाटी, फेसवुक पेज http://www.facebook.com/fedap.rural.municipality र वेवसाइट www.phedapmun.gov.np मा समेत राखिएको छ ।

१. ईच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र आ.व. २०७४।०७५ को आयकर चुक्ता प्रमाणपत्रहरुकको प्रतिलिपीहरु समावेश गरि सिलबन्दी प्रस्ताव यस कार्यालयमा दर्ता गर्न सकिनेछ ।

२. यो सूचना अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित (२०७६।०१।१० मा प्रकाशित) भएको मितिले ७ औं दिनसम्ममा कार्यालय समयभित्र सवारी साधन बिक्री गर्न चाहने उत्पादक कम्पनी वा त्यसको अधिकृत/आधिकारिक बिक्रेताले उत्पादनको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यस कार्यालयमा शिलवन्दी सहितको प्रस्ताव दर्ता गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक बिदा परेमा सम्पूर्ण कार्यहरु सो को भोलिपल्ट हुनेछ ।

३. सिलबन्दी प्रस्ताव पेश गर्दा प्रस्तावदाताको ग्राह्यता सम्बन्धि आधार प्रमाणित गर्ने सम्पूर्ण कागजातहरुको नोटरी प्रमाणित प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

४. सिलबन्दी प्रस्ताव राखिएको खाम बाहिर "कार्यालयको नाम र ठेक्का नं. PRM/CS/G/02-2075-076, Two Wheel Vehicle (Motorcycle) भन्ने शब्द लेखि सिलबन्दी गरिएको हुनुपर्नेछ ।

५. यसरी दर्ता हुन आएका सिलबन्दी प्रस्ताव ७ औं दिनको सोहि दिन कार्यालयको प्रतिनिधिहरु र प्रस्तावदाताहरुको रोहवरमा खोलिनेछ । प्रस्तावदाताहरु अनुपस्थित रहेमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

६. सिलबन्दी प्रस्ताव पेश गर्नेले धरौटी रकम वापत रकम जम्मा गर्नु पर्ने छैन ।

फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश,नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः- ९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००


७. सिलबन्दी प्रस्ताव स्वीकृत भएपछि कम्तीमा तीन दिन र बढिमा पाँच दिनको समय अवधि दिई लिखित रुपमा सिलबन्दी आर्थिक प्रस्ताव (तोकिएको मूल्य र सुविधा मध्ये मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरण) माग गरिनेछ ।

८. न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही स्वीकृत प्रस्तावदाताले खरिद सम्झौता गर्दा कबोल गरेको अङ्कको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० बमोजिम हुने गरी धरौटी रकम वा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकले जारी गरेका कार्य सम्पादन जमानत वापत पेश गरी स्वीकृत भएको ३ (तीन) दिन भित्र सम्झौताको लागि कार्यालयमा उपस्थित हुनुपर्नेछ ।

९. शिलबन्दी प्रस्तावमा उल्लेखित परिमाणको Two Wheel Vehicle (Motorcycle) आपूर्ति गर्ने प्रयोजनार्थः गाउँ कार्यपालिकाको कार्यालय, पोक्लावाङ, तेह्रथुम सम्म वा सम्झौता अनुसार ल्याउनुपर्नेछ ।

१०. कबोल रकम उल्लेख गर्दा तोकिए बमोजिम लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११. कुनै शर्त राखी पेश गरिएको सिलबन्दी प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१२. सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराएको स्पेशिफिकेशनमा कुनै थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेश हुन आएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

१३. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ ।

१४. थप बुझ्नु परेमा फोन नं. ९८५२०८०६०० मा सम्पर्क राख्न सक्नु हुनेछ ।

१५. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ

**आपुर्ति गर्नु पर्ने सामानः**

| ठेक्का नं. | कामको विवरण | स्पेशिफिकेशन | संख्या | कैफियत |
|---|---|---|---|---|
| PRM/CS/G/ 02/075-076 | Two Wheel Vehicle (Motorcycle) | • Weight – Maximum 145 KG<br>• Engine Displacement – (150-160) CC<br>• Torque – Min. 14 Nm<br>• Developing power output not less than 16 PS at governed RPM<br>• Fuel Tank Capacity – Minimum 12 Liter<br>• Ground Clearance – Minimum 180 mm<br>• Starting Method – Electric and Kick<br>• Brakes- Hydraulic operated double disc | ३ (तिन) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु Technical Specification बमोजिम हुनेछ । |